नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

प.सं ०७६\७७

च.नं ८०९

मितिः २०७७।०३।३०

श्री सबै स्थानीय तह,

विषयः जानकारी सम्वन्धमा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ७४९७, मिति २०७७/०३/२४ को पत्र यसैसाथ संलग्न छ । तत्सम्वन्धमा प्रचलित कानून र स्वीकृत मापदण्डको परिधिभित्र रहेर खर्च गर्ने, लेखा राख्ने, लेखा परिक्षण गराउने र सोको प्रतिबेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाई बोधार्थ यस मन्त्रालयलाई समेत दिनुहुन निर्णयानुसार अनुरोध छ ।

विष्णुहरी वराल

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

सिंहदरबार, काठमाण्डौ ।

श्री सूचना तथा प्रविधि शाखाः **Website मा राख्ने प्रयोजनको लागि** ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : २०७६।०७७
च.नं. : प्रि.स्का. । ४१२ । ७४३६

मिति: २०७७।०३।२४

विषय : रकम निकाशा सम्वन्धमा

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

प्रस्तुत विषयमा कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष सञ्चालक समितिको २०७७।०३।२३ मा बसेको आठौं बैठकले निम्नानुसारको प्रयोजनको लागि रकम निकाशा गर्ने निर्णय गरेको हुँदा सो को लागि महालेखा नियन्त्रकको कार्यालयमा पत्राचार भै सकेको छ । सम्वन्धित निकायलाई जानकारी गराई प्रचलित कानून र स्वीकृत मापदण्डको परिधिभित्र रहेर खर्च गर्ने, लेखा राखे, लेखा परीक्षण गराउने र सो को प्रतिवेदन यस कार्यालयलाई उपलब्ध गराउने व्यवस्था मिलाई दिनुहुन आदेशानुसार अनुरोध छ ।

१) "कोरोना संक्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि स्थानीय तहहरुले स्थापना गरी सञ्चालनमा रहेका क्वारेण्टिनहरु निर्धारित मापदण्ड बमोजिम थप व्यवस्थित गर्न, क्वारेण्टिनमा वसेका व्यक्तिहरुको बसोबास बन्दोबस्त गर्न र खानपिन व्यवस्था मिलाउन र आवश्यक्ता अनुसार स्वास्थ्य जाँच गर्ने लगायतका कार्यका लागि" यसैसाथ संलग्न अनुसूची (१) मा उल्लेख भएका स्थानीय तहहरुलाई जम्मा रु. ८ करोड ८४ लाख ९८ हजार ९ सय ।

२) निजामति कर्मचारी अस्पताललाई भेन्टिलेटर लगायत विभिन्न स्वास्थ्य सामग्री, उपकरण, औषधि खरिद तथा आइसोलेसन वार्ड निर्माण गर्न रु ६ करोड ।

(विनोद कुमार दाहाल)
उप सचिव

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np